# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

फोननम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्सनम्बर
०३७-५२००५१

प.सं: २०८२/०८३
सू.नं: २६

**नवप्रवर्तन/व्यवसाय विस्तार सहयोग कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धी सुचना**

(प्रकाशित मिति :२०८२/०८/ ९ ने.स.११४६,थिङलाथ्व ५ मंगलबार)

यस नगरपालिकामा सञ्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत आ.व.०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्ति तथा परिवारको जीविकोपार्जन सुधारमा आधारित सीपमुलक र व्यवसायिक तालिम तथा नवप्रवर्तन/व्यवसाय विस्तार सहयोग कार्यक्रममा सहभागी हुन सिद्धिचरण नगरपालिका भित्र रहेका व्यवसाय गरी रहेका वा व्यवसाय विस्तार गर्न ईच्छुक अपाङ्गता भएका व्यक्ति तथा परिवारका सदस्यहरुले तपशिलमा उल्लेखित कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन कार्यविधि,२०८२ को अनुसूचि ४ को फाराम नं. १ को खण्ड क,च,र छ बमोजिमको ढाँचामा सम्बन्धि वडा कार्यालय वा महिला तथा बालबालिका शाखामा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

१. निवेदन
२. व्यवसाय दर्ताको प्रमाण पत्र,नविकरण,स्थानिय लेखा नम्बर,कर चुक्त प्रमाण पत्रको प्रतिलिपि
३. व्यवसायिक योजना(तोकीएको ढाँचामा)
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. निवेदकको नागरिकता र अपाङ्गता खुल्ने प्रमाण पत्रको प्रतिलिपि

थप जानकारी तथा सहजीकरणको लागि : सहजकर्ता जानु कटवाल ९८४२९३५२५२ मा सम्पर्क गर्न सकिनेछ ।

neupane
२०८२/०८/०९
किसान न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत